

### यसर्थ गृहमन्त्री रमेश लेखकले राजीनामा दिनुपर्छ

पृष्ठ २

✍ डम्बर खतिवडा

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९ ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
**नयाँ झापाली इटा बजारमा**
झापाली इटा
झापाली इटा
**ठूलो साइजको ईटा उपलब्ध छ ।**

सम्पर्कका लागि: **दमक: ०२३-५८०५१४**
**जनक कार्की** : ९८५२६७०१७४/९८०१४०१४४१
**भगवान बस्नेत** : ९८५२६७००३१
भट्टा सम्पर्क : ९८०१४१४०४२/९८०१४०१४०

❑ वर्ष-२० ❑ अंक - १५३ ❑ २०८२ जेठ २४ गते शनिबार ❑ Saturday, 7 June, 2025 ❑ मूल्य ७ /-

## नेपालमा भष्टाचारको मुद्धाः विगतदेखि वर्तमानसम्म

# ठूला नेता को को खेप्तैछन् आरोप ?

✍ बिमल लामिछाने

**दमक/** पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसहित ९३ जनालाई प्रतिवादी बनाउँदै मुद्दा दायर भएपछि राजनीतिक बृत्तमा नया तरङ्ग पैदा भएको छ । पूर्व प्रधानमन्त्री नेपालमाथि अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको घटनाले नेपाली राजनीतिक र प्रशासनिक क्षेत्र तरङ्गित बनेको हो ।

नेपालको इतिहासमा पूर्व प्रधानमन्त्रीविरूद्ध भ्रष्टाचार आरोपमा मुद्दा दायर भएको सम्भव त यो नै पहिलो पटक हो । मन्त्रिपरिषद्को नीतिगत निर्णयमाथि भ्रष्टाचार मुद्दा लाग्ने वा नलाग्ने भन्ने बहस चलिरहेको छ । यसबारे संसद्बाट कानुन समेत बन्ने क्रममै रहेकाले यो विषयलाई कतिपयले असामान्य र प्रतिशोधका रूपमा समेत लिएका छन् ।

नेपालमा लोकतान्त्रिक व्यवस्था हुँदा यस्ता मुद्दा परेका थिएनन् । राजाको शासन कालमा भने पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा जेल परेका थिए । मेलम्चीको भ्रष्टाचारको मुद्दामा उनलाई जेल चलान गरिएको थियो ।

तत्कालीन राजा ज्ञानेन्द्रको समयमा शेरबहादुर देउवालाई २०६२ साउन ११ गतेदेखि दुई वर्ष जेल चलान गरिएको थियो । देउवासँगै जेल जानेमा प्रकाशमान सिंह पनि थिए । उनीहरू सात महिनापछि रिहा भएका थिए ।

राजतन्त्र पछिका सरकारहरूले विभिन्न प्रधानमन्त्री पदमा पुगेका अनुहारहरूलाई भ्रष्टाचारको मुद्दाका आरोप लाएका थिए । जस्तो प्रचण्डलाई क्यान्टेनमेन्टको आरोप लागेको थियो ।

नेकपा सरकार हुँदा ओलीलाई यति र ओम्नी अनि खोपमा भ्रष्टाचारको आरोप कायमै छ भने झापाकै गिरीबन्धुको जग्गा प्रकरणमा पनि ओली आरोपित ब्याक्ति हुन् । आज माधव नेपाललाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले हालेको भ्रष्टाचार मुद्दाले भने नयाँ रेकर्ड बनाएको छ ।

लोकतन्त्रमा भ्रष्टाचारको मुद्दा खेप्ने प्रथम प्रधानमन्त्रीको नाममा नेपाल आउने भएका छन् । उनको सदनबाट निलम्बन हुने मुद्दामा पनि रेकर्ड बनेको छ । अहिले २७५ सदस्य प्रतिनिधिसभामा ५ गयल छन् । चार निलम्बित अनुहारहरूमा एक पूर्वमन्त्री मोहनबहादुर बस्नेत, दुई पूर्वउपप्रधानमन्त्रीमा क्रमशः रवि लामिछाने अनि टोपबहादुर रायमाझी र माधव नेपाल पूर्वप्रधानमन्त्री छन् ।

यस अगाडि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री हुँदा अख्तियारले लाउडा जहाज खरिद प्रकरणमा सचेत मात्रै गराएको थियो । ललिता निवास प्रकरणमा माधब नेपाल र बाबुराम भट्टराईको बयान सीआईबीले घरमै गएर लिएको थियो ।

नेपालका प्रधानमन्त्रीहरूमा माथवरसिंह थापा, भीमसेन थापा र रणेदिप सिंह कुर्सीमै हुँदा मारिएका उदाहरण छन् । पूर्व इतिहासमा हत्या भएका र शाही कालमा मुद्दा खेपेका उदाहरण थिए । तर लोकतन्त्रमा पूर्वप्रधानमन्त्रीलाई भ्रष्टाचारको मुद्दा परेको भने माधव नेपाललाई नै पहिलो हो ।

यसअघि मन्त्रिपरिष्पादका निर्णयमा अख्तियारले मुद्दा लगाउन नपाइने आधारमा प्रधानमन्त्रीले उन्मुक्ति पाउँदै आएका थिए । अहिले अख्तियारले पूर्व प्रधानमन्त्री नेपालको २०६६ सालमा प्रधानमन्त्री भएको बेला गरिएको मन्त्रिपरिषद्को निर्णयलाई आधार मानेर उनीसहित ९३ जनालाई प्रतिवादी बनाउँदै मुद्दा दायर गरेको विषयले सदनदेखि सडकसम्म नै चर्चा पाएको छ ।

अख्तियारले नेपालसहितलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेसँगै राजनीतिक प्रतिशोध की सुशासनको प्रयास भन्ने बहस समेत सुरू भएको छ । सुशासनको पक्षमा तर्क गर्नेहरूले अख्तियारको यो कदमलाई भ्रष्टाचारविरूद्धको कडा एक्सन र कानुनी शासनको बलियो सन्देशको रूपमा व्याख्या गरेका पनि छन् । मुलुकमा राजनीतिक नेतृत्व स्वच्छ, निष्पक्ष र इमानदार हुन नसकेको गुनासो जनस्तिरसम्म कायमै छ ।

गणतन्त्रको अभ्यासका पछिल्ला वर्षहरूमा कर्मचारीतन्त्रसमेत निष्क्रिय र असक्षम देखिएको छ । मन्त्री पूर्वप्रधानमन्त्री, गृहमन्त्रीदेखि लिएर कर्मचारीतन्त्रमा भष्टाचार मौलाउँदा राज्यको मुल नेतृत्व नै सुशासनमा चुकेको देखिनुले राजनीतिक बृत्त र सासन ब्यवस्था माथिनै थप प्रश्न उठाएको छ ।

सत्ताका लागि अप्राकृतिक गठबन्धन, भ्रष्टाचारीलाई संरक्षण गर्ने प्रवृत्ति, स्वार्थका लागि बिचौलियासँग साँठगाँठ, राष्ट्रहितभन्दा दलीयहितको राजनीतिक बाँकी ४ पेजमा ▸▸

## संक्षेप

### बाजुराको बाम्का बजारमा आगलागी

दमक । बाजुराको बुढीगंगा नगरपालिका-८ मा रहेको बाम्का बजारमा शुक्रबार भीषण आगलागी भएको छ । जिल्ला प्रहरी कार्यालय बाजुराका प्रमुख प्रहरी नायब उपरीक्षक इकबाल हवारीका अनुसार ग्यास सिलिन्डर पड्किएर आगलागी भएको हो ।

दिउँसो ४ बजे लागेको आगो अझै नियन्त्रणमा आएको छैन । बाजुरा बुढीगंगा नगरपालिकाका मेयर रामबहादुर बानियाँले आगलागीबाट ठूलो क्षति भएको बताए । 'यो समाचार तयार पर्दासम्म आगो नियन्त्रणमा आएको छैन । पूरै बजारमा ठूलो क्षति भयो', उनले भने । एक लाइनमा करिब ३०-३५ पसल थिए ।

### महाधिवेशनको माग गर्दै तरुण दलको प्रदर्शन

**दमक/** नेपाली कांग्रेसको भातृ संगठन तरूण दलमा विज्ञान गुरूङको नेतृत्व भंग गरेर महाधिवेशन गर्नुपर्ने माग गर्दै शुक्रबार कांग्रेस केन्द्रीय कार्यालय सानेपामा प्रदर्शन गरिएको छ । उनीहरूले पुरानो कार्यसमिति भंग र नयाँ कार्यसमितिका लागि महाधिवेशन गर्नु पर्ने माग सँगै नाराबाजी गरेका थिए । यसअघि तरूण दलले आज बृहत मोटरसाइकल र्‍याली निकालेको थियो । पुरानो बानेश्वरबाट सुरू गरिएको मोटरसाइकल र्‍याली सानेपास्थित नेपाली कांग्रेसको पार्टी कार्यालय परिसरसम्म पुगेको थियो ।

### बाथरुममा चिप्लिएर एकको मृत्यु

कमल । बाथरूममा चिप्लिएर झापाको कमल गाउँपालिकामा एक जनाको मृत्यु भएको छ । आफ्नै घरको बाथरूममा लढेका कमल गाउँपालिका वडा न. २ तोपगाछी बस्ने ९३ बर्षका नन्द प्रसाद पौडेलको उपचारका क्रममा मृत्यु भएको हो । लडेर घाइते भएका पौडेललाई उपचारका लागि बिर्तामोडको बिर्तासिटी अस्पतालमा ल्याइएको थियो । बिर्तामोडमा सामान्य उपचार पश्चात थप उपचारको लागी उनलाई बिराट टिचिङ अस्पताल बिराटनगर लगिएको थियो ।

### चार्जिङ स्टेशनमा करेन्ट लाग्दा यादवको मृत्यु

विराटनगर/ सीटी सफारी चार्ज गर्न बनाइएको चार्जिङ स्टेशनमा करेन्ट लागेर विराटनगरमा एक जनाको मृत्यु भएको छ । करेन्ट लागेर रंगेली नगरपालिका-६ का ३५ वर्षीय मनोज यादवको मृत्यु भएको प्रहरीले जनाएको छ । विराटनगर महानगरपालिका-८ हाटखोलामा रहेको स्टेशनमा सीटी सफारी (ई-रिक्सा) चार्ज गर्ने क्रममा यादवलाई बाँकी ४ पेजमा ▸▸

### विद्यार्थीहरूलाई अध्ययनसँगै उद्यमशीलता

**दमक/**झापाको दमक १० मा रहेको सिंहदेबि माध्यामिक विद्यालयमा किताबी ज्ञानसगै उद्यमशील बनाउने कार्यक्रम शुरू गरेको छ । विद्यालयस्तरबाट विद्यार्थीहरूलाई उद्यमशीलतातर्फ आकर्षित गराउन विभिन्न कार्यक्रम सञ्चालन गरिएको हो ।

विद्यालयका प्रधानाध्यापक हरिनारायण अधिकारीका अनुसार कक्षा १० का ३० जना विद्यार्थीहरूलाई ५ वटा समुहमा विभाजन गरि व्यवसायिक अवधारणा अघि सारिएको छ । जसमध्ये उत्कृष्ट व्यवसायिक योजना पेश गर्ने तीन समुहका १८ जना विद्यार्थीहरूलाई इनसियुरको आर्थिक सहयोगमा ७ हजारका दरले रकम हस्तान्तरण गरिने प्रअ अधिकारीले जानकारी दिए । बाँकी ४ पेजमा ▸▸

## चट्याङबाट चौधको मृत्यु

दमक/ प्राकृतिक विपद्का जोखिमपूर्ण घटनाहरूमध्ये चट्याङ पनि एक हो । वर्षेनी चट्याङबाट धेरै मानिसको अकालमै ज्यान गइरहेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यही वैशाख १ गतेदेखि जेठ २२ गते बिहिवारसम्म देशभर चट्याङका १०२ वटा घटनाबाट १४ जनाको मृत्यु भइसकेको छ । यसबाट ७५ जना घाइते भएको प्राधिकरणले जनाएको ।

चट्याङविज्ञका अनुसार बढी वैशाख, जेठ र भदौ महिनामा चट्याङ पर्छ । अत्यधिक मात्रामा वैशाख-जेठमा पर्ने र असार-साउनमा बादल भए पनि कम चट्याङ पर्ने सम्भावना हुन्छ ।

यस वर्षको मनसुन नेपालमा भित्रिसकेको छ । यो बेला भारी वर्षा, बाढी, पहिरो, डबान, चट्याङलगायतका घटना हुन्छन् । चट्याङ लागेपछि कतिपय सर्वसाधारण डरले आत्तिने गर्छन् । प्राधिकरणका अनुसार चट्याङ लाग्दा यी सुरक्षित उपाय अपनाउन सकिन्छ ।

## संसदको बैठक अवरोध जारी

# देउवासँग छलफल गर्ने प्रतिपक्ष दलको तयारी

**दमक/** संसद बैठकमा प्रतिपक्षले राखेका माग सम्बोधन गराउन अब प्रतिपक्ष दलले सत्तापक्ष नेपाली कांग्रेससँग छलफल गर्ने भएको छ । प्रतिपक्षमा रहेका दलहरूले पछिल्लो राजनीतिक घटनाक्रमका बारेमा सत्तारूढ नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग छलफल गर्ने निष्कर्ष निकालेका छन् ।

संघीय संसद् भवनस्थित नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को कार्यकक्षमा शुक्रबार बसेको प्रतिपक्षी दलहरूको बैठकले कांग्रेस सभापति देउवासँग छलफल गर्ने निष्कर्ष निकालेको हो । 'अहिलेका राजनीतिक घटना क्रमको विषयमा प्रतिपक्षाका तर्फबाट नेपाली कांग्रेसका सभापतिसँग एकचोटि कुरा गर्नु उचित हुन्छ भन्ने विषय पनि भयो,' बैठकपछि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले भने ।

भिजिट भिसा प्रकरणको छानबिनका लागि सरकारको प्रतिबद्धता आए पछिल्लो राजनीतिक घटनाक्रमलाई सकारात्मक ढंगले टुंग्याउन सकिने उनको भनाइ थियो ।

'आज हामी पहिला प्रतिपक्षीहरु बस्यौं । छानबिन मुख्य कुरा हो, भरपर्दो छानबिनको कुरामा सरकारको प्रतिवद्धता आयो भने यो विषयलाई हामीले सकारात्मक ढंगले टुंग्याउन सकिन्छ भन्ने कुरा भयो प्रतिपक्षको भयो,' प्रचण्डले भने ।

उनले सत्तापक्ष छानबिन अगाडि बढाउनेमा सहमत देखिए पनि संसदीय छानबिन समिति, न्यायिक समिति वा अन्य अरु के गर्ने भन्ने विषयमा सहमति भइनसकेको पनि बताए । 'सत्तापक्ष छानबिन अगाडि बढाउनेमा सहमतै देखिएको छ,' अध्यक्ष प्रचण्डले भने, 'तर, अहिले संसदीय छानबनि समिति बनाएर जाने या पूर्वन्यायाधीश कसैकोमा न्यायिक समिति बनाएर छानबनि गर्ने या अर्को के गर्ने भन्ने विषयमा सहमति भएको छैन ।'

**बैठक अवरोध जारी**

प्रतिनिधिसभाको बैठक शुक्रबार पनि बस्दै नबसी स्थगित भएको छ । शुक्रबार दिँउसो १ बजे बस्नेगरी तय भएको बैठक आइतबार दिउँसो १ बजेसम्मका लागि स्थगित भएको हो । भिजिट भिसा प्रकरणमा मुछिएका गृहमन्त्री रमेश लेखकमाथि छानबिनका लागि उच्चस्तरीय आयोग बन्नै पर्ने अडान बाँकी ४ पेजमा ▸▸

# डेंगु संक्रमितको संख्या बढ्दो

***दमक/*** *मनसुन भर्खरै सुरु भएसँगै देशभर डेंगु संक्रमितको संख्या बढ्दो क्रममा रहेको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का अनुसार पुसदेखि हालसम्म ७१ जिल्लामा डेंगु संक्रमित भेटिएका छन् ।*

*हालसम्म १०८१ जना संक्रमित भएका छन्, जसमा सबैभन्दा बढी कोशीमा २३९, बागमतीमा २९७, गण्डकीमा १८२, लुम्बिनीमा १६३, सुदूरपश्चिममा १५६, कर्णालीमा ३० र मधेशमा १४ जना संक्रमित भएका छन् ।*

*इपिडिमियोलोजी महाशाखाका निर्देशक डा. चन्दभाल झाअनुसार अनुसार एक दशकको तथ्यांकलाई हेर्दा डेंगु सबैभन्दा बढी असार, साउन, भदौ र असोजसम्म रहने देखिन्छ । 'भर्खरै मनसुन सुरू भएको छ, अबका दिनमा डेंगुका बिरामी बढ्छन्,' डा. झाले भने, 'अबको चार महिनाको अवधिमा कुनै पनि ठाउँमा डेंगु फैलिन सक्छ ।'*

*उनका अनुसार अहिलेसम्मको तथ्यांकलाई हेर्दा अघिल्लो वर्षको तुलनामा कम फैलिएको छ । तर अबका चार महिना (असार, साउन, भदौ, असोज) डेंगु फैलिने अति जोखिम महिना हुन् ।*

*२०२३ मा कोशी प्रदेशमा डेंगु फैलिएको थियो । २० जना मृत्यु हुँदा ५२ हजारभन्दा बढी संक्रमित भएका थिए । ईडीसीडीको तथ्यांक अनुसार संक्रमितमध्ये ३१ प्रतिशत सुनसरीका थिए । सन् २०२४ मा भने १३ जनाको मृत्यु हुँदा झण्डै ३५ हजारभन्दा बढी संक्रमित भएका थिए ।*

**डेंगु नियन्त्रणमा ८० करोड खर्च, तर रणनीति कमजोर**

*जनस्वास्थ्यविद् डा. बाबुराम मरासिनी शहरी क्षेत्रमा डेंगु फैलिनुको प्रमुख कारण अव्यवस्थित फोहोर व्यवस्थापन रहेको बताउँछन् ।*

*उनका अनुसार पानी जम्मा गर्न राखिएका ड्रम र बाल्टीहरु, पुराना टायर र फोहोरमैला, कौसी खेतीका गमला, खुला खाल्डाखुल्डीमा जमेको पानी स्थानहरु एडिस एजेप्टाई र एडिस एल्वौपेक्टस प्रजातिका लामखुट्टेका लागि प्रजनन स्थल हुन् ।*

*जलवायु परिवर्तन र तीव्र शहरीकरणले नेपालमा डेंगु संक्रमणको जोखिम बढाएको उनी बताउँछन् । विगत एक दशकमा तराईदेखि पहाडी जिल्लासम्म फैलिएको यो रोग अहिले जनस्वास्थ्यको प्रमुख चुनौती बनेको छ । सरूवा रोग विशेषज्ञ पुन पनि बढ्दो शहरीकरणलाई पनि डेंगु फैलनुको कारण मान्छन् ।*

# वैदेशिक रोजगार हुँदै देशै छाड्नेको ताँती

**दमक/** स्थायी रूपमै देश छाड्ने नेपालीको संख्या बढ्दै गएको छ । मुलुकमा बढ्दो भ्रष्टाचार, राजनीति खिचातानी, अराजकता, बेथिति, बेरोजगारी जस्ता कारणले वाक्कदिक्क भएर नेपालीहरूले सधैंका लागि देश छाड्ने क्रम बढ्दो रूपमा देखिएको हो । पछिल्लो २ वर्षको मात्रै सरकारी तथ्यांक हेर्ने हो भने १ लाख ३७ हजार नेपाली स्थानीय रूपमै देश छाडेर विदेशमा बसाइँ सरेका छन् । अध्यागमन कार्यालयकाअनुसार त्यसरी देश नै छाडेर विदेश बसाईंसराईं गर्नेहरूमा महिला भन्दा पुरूषको संख्या धेरै देखिन्छ । दुई वर्षको अवधिमा मात्रै ७१ हजार २०७ जना नेपाली पुरूष स्थायी रूपमै बसाईं सरेर नेपालबाट अनुमति लिएरै विदेश गएका छन् । त्यस्तै त्यसरी बसाईं सरेर विदेश जाने महिलाको संख्या ६६ हजार ५ सय ३८ रहेको छ ।

अध्यागमन कार्यालयबाट प्राप्त तथ्यांकअनुसार सन् २०२३ मा मात्रै स्थायी रूपमै विदेशमा बसाईं सरेर ७० हजार ९ सय १५ नेपाली गएका छन भने सन् २०२४ मा ६६ हजार ८ सय ३५ नेपाली सधैं उतै बस्नेगरी गएका छन् । यसले ठूलो संख्यामा नेपाली देश नै छाडेर विदेशमा बसाईं सरिरहेको देखाएको छ ।

पछिल्लो समयमा नेपालमा लगानीको वातावरण नभएको भनेर अड्कलबाजी भइरहेको बेला कतै हजारौं नेपालीमार्फत स्वदेशी पुँजी पलायन भइरहेको त छैन भन्ने आशंका विभागको तथ्यांकले देखाएको छ । तर देश छाड्ने नेपालीको पृष्ठभूमि परिचय भने सरकारले ट्र्याक गर्ने गरेको छैन । बाँकी ४ पेजमा ▸▸

# देशभरका उपप्रमुखहरु विराटनगरमा

**विराटनगर/** स्थानीय तहका उपप्रमुख र उपाध्यक्षहरूको राष्ट्रिय सम्मेलन शुक्रबारबाट विराटनगरमा सुरू भएको छ । पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गरेको सम्मेलन शनिबारसम्म चल्ने छ । सम्मेलन उद्घाटन गर्दै पूर्व राष्ट्रपति भण्डारीले विकासको सारथि महिला र पुरूष दुवै हुन् भन्ने मान्यतालाई नयाँ राज्य व्यवस्थाले स्थापित गरेको भन्दै महिलाहरूको औपचारिक प्रतिनिधित्व मात्र पर्याप्त नहुने बरू नेतृत्व र निर्णय क्षमता निरन्तर बढाउँदै लैजानु पर्नेमा जोड दिइन् । उनले महिला नेतृत्वले संविधानप्रदत्त अधिकार, भावनालाई कार्यान्वयन गर्दै समावेशिता, जवाफदेहिता र लोकतान्त्रिक अभ्यासलाई थप सुदृढ बनाउन योगदान गरिरहेको बताइन् ।

संविधान र कानुनले परिभाषित गरेको जिम्मेवारी निर्वाह गर्ने क्रममा धेरै स्थानीय तहहरूमा प्रमुखहरूसँग विवाद हुने, असमझदारी भई काम गर्न समस्या हुने तथा कतिपय अवस्थामा बजेट निर्माणदेखि अनेकौं समस्याहरू झेल्नु परिरहेको सन्दर्भमा त्यसलाई थप स्पष्ट बनाउने विषयमा सम्मेलनमा व्यापक छलफल गर्ने कार्यतालिका रहेको विराटनगर महानगरपालिकाकी उपप्रमुख शिल्पा निराला कार्कीले बताइन् । सम्मेलनमा काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलले उपप्रमुख तथा उपाध्यक्षहरू कानुनले दिएको जननिर्वाचित पद भएकोले त्यसको कार्यान्वयनलाई दृढतापूर्वक लाग्नुपर्ने बताइन् । उनले उपप्रमुखहरू बाँकी ४ पेजमा ▸▸

**घर-जग्गा बिक्रीमा**



**दमक-५ स्थित एलम्बर चोकमा जुनसुकै व्यवसाय र कार्यालय समेतको लागि उपर्युक्त, पार्किङ सुविधासहितको फराकिलो जमिनमा रहेको घर बिक्रीमा छ ।**

सिधा सम्पर्क : **९८१६९९९२००**

संस्मरण



# टिमहर्टन : एउटा संस्कृति

डा. तुलसी भट्टराई

हामी सुधा र तुलसी २०१६ जुलाई १६ का दिन राती १० बजे क्यानडाको सड्वरी पुगेका थियौं । छोरी मनिषा र ज्वाईं विनोद पौड्यालको सौजन्यमा यो ठाउँ पुगेका हौं । तेस्रो दिन खाना खाएर सड्वरीको डाउन टाउनतिर घुम्न गइयो । फर्किने बेलामा मनीषाले भनिन्– “आज बुबा आमालाई क्यानडाको प्रख्यात चियाको स्वाद, चुस्कीको आनन्द गराइदिनुपर्छ ।” अनि एउटा पार्किङमा लगेर गाडी रोकिन् । कहाँ जाने भन्ने थाहा नदिई भित्र गएर एकैचोटि चिया खाँदा “हजुरबा छक्क पर्नुहुन्छ, कहाँको चिया खाइयो भनेर ।” मानसले सरप्राइज दिन खोजे ।

भित्र पस्नुअघि माथिपटिको बोर्डमा टिम हर्टन लेखिएको देख्तै हेर्दै छिरेको थिएँ । तर यो कफी शपको नाम होला भन्ने चाहिँ थाहा थिएन ।

राम्रा सोफामा बसेर यताउता हेर्दैथिएँ । मनीषा एउटा लाइनमा बसिसकेकी थिइन् । काउन्टर धेरै पर थियो । लाइनमा एक अर्कालाई नछोइने गरी उभिएर काउन्टरमा पुग्न पालो कुर्नुपर्ने रहेछ । कसैलाई उछिनेर अगाडि जान नपाइने रहेछ । करीब दस मिनेटपछि बल्ल पैसा तिर्ने पालो आयो ।

“ओरेन्ज पिको टु क्रिम स्मल साइज ३ वटा, मिडियम साइज विथ सुगर एउटा, हट चकलेट एउटा, किमविच एउटा” भनेर मनीषाले पैसा बुझाइन् ।

केही बेरमा कुखुराका अण्डा राख्ने केसजस्तै कागजे स्ट्रेमा ‘टिमहर्टन’ लेखिएका बिर्को बन्द कागजी ग्लासहरु लिएर आइन् । टेबुलमाथि राखेर त्यसबारेको व्याख्या गर्दै, बिर्को कसरी खोल्ने तरिका सहित चुस्की कसरी लिने भनेर यस चियाको महत्व दर्शाइन् मनीषाले ।

हामी त्यतिबेला जुन ‘टिमहर्टन’मा थियौं त्यसको आकारप्रकार र गाडी पार्किङ बाटो आदि हेर्दा काठमाडौंतिर हो भने करिब ७-८ रोपनी क्षेत्रफलमा फैलिएको होला । यस्तो रेष्टुरेन्ट खोल्नेले हाइवे वा अन्य मूल बाटाबाट पचास मीटर जति परको क्षेत्रमा निर्माण गर्नुपर्ने रहेछ । त्यहाँ बाटो र जनघनत्व अनुसारको गाडी पार्किङ (२०-५० सम्म गाडी अट्ने) निर्माण गर्नुपर्ने अनि मुख्य भवन आदिको व्यवस्था छुट्टै हुनुपर्ने रहेछ ।

क्यानडामा ‘टिम हर्टन’ कफी– चियाले एउटा सामाजिक मान्यता पाइसकेको छ । केटाकेटीहरु टिमहर्टनको हट चकलेट, किमविच र फ्रेन्च फ्राइ खान पल्केका हुन्छन् भने युवादेखि अन्तिम किनारा पुग्न लागेका वृद्धवृद्धामा टिमहर्टनको कफी चिया चुस्कीमा रमाउँछन् । बजार घुम्न गएका बेला आँखा अघिल्तिर टिमहर्टनको बोर्ड आँखामा पर्नासाथ मुख मिठ्याउँदै रेष्टुरेन्टतिर पस्न लालायित हुन्छन् । क्रमशः

सामाजिक सञ्जाल



सागर नेपाल हाल : कतार)

## प्रवासीको आवाजः म केपी ओलीको झोले होइन

दोहाको नेपाली समाजको परिचित नाम हो सागर नेपाल । उनी पारिवारिक जीवन सर्घर्ष गरिरहँदा कतारमा छिरेको नेपाली समाजलाई पनि आफ्नै परिवार ठान्छन, सोही अनुसार नेपाली समाजप्रतिको कर्तव्य निर्वाह गरिरहेका छन् । विगत ३ दशक देखी दोहा कतारलाई कर्मभुमी बनाउदै आएका नेपाल आफ्नो भन्दा धेरै नेपाली समाजको चिन्ता र चासो लिने गर्दछन् । नेपालको राजनीतिक अनेकन मिडिया ट्रायल हुने गरेका छन् । खास गरेर नेकपा एमालेमा प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष समेत रहेका ओलीबाट यस्ता मिडिया ट्रायल विभिन्न वहानामा हुँदै आएका छन् । पछिल्लो मिडिया ट्रायल थियो- म झोले हुँ । यो देश तथा विदेशमा निकै प्रचरित भयो । झोले र झोलाको अर्थ निकै खोतल्यो । कतिले झोलाले न्याय पाएको प्रतिक्रिया दिए त कतिपय त्यो शब्दको अपव्याख्या गरिएको र नेपाली व्याकरण नै बिगारेको आरोप पनि लगाए । तर प्रवासमा रहेका विवेकशिल नेपाली चाहि यसलाई कसरी लिएका छन भन्ने खोज्न धेरै टाढा जान पर्दैन । कतारलाई कर्मभूमि बनाएर नेपालीकै हितमा काम गरिरहेका सामाजिक अभियन्ता, एनआरएन अभियन्ता सागर नेपाल काफि छन । उनले सामाजिक सञ्जालमा झोलाको विषयमा यसरी व्याख्या गरेका छन् ।

झोलाले न्याय पाएको छ र प्रधानमन्त्री के पि ओलि ज्युले म झोले हुँ भन्नू स्वाभाविक हो र उहाँ देशको समस्या र जिम्मेवारी बोक्ने सबैभन्दा ठुलो झोले नै हुन तर म उहाँको झोले हैन.......।

झोलेको अर्थ त शब्दकोष नै सकिने गरि लगाइयो तर झोलाको अनर्थ नलागोस, यहाँ जिम्मेवारीको झोला नबोक्ने को हौला र....? झोला बोक्नेलाई झोले भनिने हो भने हो म मेरो परिवारको झोले हुँ, म परिवार प्रति आँखा बन्द गरेरै बिश्वास गर्छु, अन्धभक्त नै हुँ, परिवारको हित र खुसिको अगाडी मेरो सोच-बिचार र विवेक शून्य प्राय हुन्छ। कतिपय अवस्थामा म ममै रहदिन किनकी मेरो हरेक खुसी र ब्याक्तिगत चाहनाहरु बिर्सेर परिवारको भलाईमा एकाग्र हुने गर्छु। राजनीतिक झोले भन्न नैतिकताको खडेरी परेकोले सारै गाह्रो भएको होला तर म मात्र हैन हरेक परिवारमा त्यो परिवारको जिम्मेवारिको झोला बोक्ने यौटा साहसी झोले हुने गर्छ र तपाई पनि त्यो साहसी ....हो भन्दा पाप नलागोस ।

शब्द र भनाई अनि बुझाइमा फरक होला तर कर्ममा फरक नहुने हो भने म परिवारको झोले हु भने प्रधानमन्त्री देशको झोले नै हुन दुखको कुरा उहाले बोकेको त्यो झोलामा नागरिकको सुनिश्चित भबिस्यको खजना छ कि छैन ? त्यो झोलामा देशको बृहत हितको खाका छ कि छैन ? यौटा युवाले आफ्नो भाग्य हैन कर्म खोज्दा त्यो झोलामा भेटिन्छ कि भेटिदैन ? शब्दकोषले जसरी व्याख्या गरे पनि झोला बोक्ने मान्छे सबै खराब हुदैन तर हाम्रो प्रधानमन्त्री ज्यु र अन्य नेताहरुले बोकेको झोलामा के छ ? भनेर प्रश्न गर्ने दिन भने आएको छ ।

आजकाल झोला सारै महङ्गो भको बेला प्रधानमन्त्री ज्युले आफुलाई झोले भनिदिना साथ झोलाको मुल्य नै किन सस्तिएको हो जस्तो भको छु । कुन्नी नत्र एक किलो सामान पनि नअटने हाते झोलाको मूल्य ५ लाख डलर पो पर्छ रे त हौ ! म झोले हुँ तर कुनै ब्याक्तीको हैन, धेरै आफ्नै परिवारको थोरै समाजको र परदेशमा हुदा अलि अलि नैतिकताको साथ देशको शानमा जिम्मेवारी पुर्बक सानो झोला बोक्ने म सानो झोले हुँ....!”

# यसर्थ गृहमन्त्री रमेश लेखकले राजीनामा दिनुपर्छ



डम्बर खतिवडा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले जेठ ७ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका प्रमुख तथा गृह मन्त्रालयका सहसचिव तीर्थराज भट्टराईलाई भिजिट भिसा प्रकरणमा नियन्त्रणमा लिएपछि अध्यागमनमा हुने सेटिङ, असुली धन्दा र मानव तस्करीको भयावह तस्वीर सतहमा आएको छ ।

कर्मचारीले म्यानपावर कम्पनीहरूसँग मिलेमतो गरेर गैरकानुनी भ्रमण अनुमति लिएको मात्र होइन, अन्तर्राष्ट्रिय स्तरमा ‘मोस्ट वान्टेड’ सूचीमा रहेका कुख्यात अपराधीहरूबाट मोटो रकम लिएर नक्कली पासपोर्ट र भिसामा अध्यागमन कटाउने गरेको पोल समेत खुलेको छ । यद्यपि, यस्ता घटना कुनै नयाँ र अनौठा होइनन् । भ्रष्टाचार, कुशासन, कमिसन, असुली धन्दा र मिलेमतोका अनेक काण्डै-काण्ड सुन्दासुन्दै नागरिक वाक्क र आजित भइसकेका छन् । स्वयं प्रधानमन्त्री केपी शर्मा ओलीलाई पनि विमानस्थलमा हुने ‘लुट’ राम्रैसँग थाहा रहेछ भन्ने अहिले सामाजिक सञ्जालमा घुमिरहेको उनको एक भिडिओबाट थाहा हुन्छ । अमेरिका बस्ने एक नेपालीले देश फर्किँदा कर्मचारीबाट पाएको सास्ती र उनको क्यामेरा लुटिएको घटना भिडिओमा स्वयं प्रधानमन्त्री ओलीले बेलिबिस्तार लगाएका छन् । ३३ किलो तथा क्विन्टल सुन प्रकरणले नै विमानस्थलमा हुने सेटिङको कथा नागरिकलाई राम्रैसँग बताइसकेको थियो । नक्कली भुटानी शरणार्थी प्रकरणले गृह मन्त्रालयमा हुने सेटिङ र अपराधको निकृष्टतालाई यसअघि नै भन्डाफोर गरिसकेको थियो । भिजिट भिसा असुली प्रकरण त्यसै शृङ्खलाको थप कडी मात्र हो ।

पहिले पहिले भ्रष्टाचार भनेको राज्य कोषको दुरुपयोग र विकास योजनामा कमिसन संकलन भन्ने बुझिन्थ्यो । सायद राज्य टाट पल्टिएर, बजेट निख्रिएर र पुँजीगत खर्च अभाव भएर कमिसन खाने सम्भावना सीमित भएकैले हुनसक्छ अब शासक वर्ग राज्य शक्तिको दुरुपयोग गरी सिधै नागरिकलाई अभर पारेर लुट्ने, निजी क्षेत्रसँग साँठगाँठ गरी अवैध व्यापार गर्ने र असुली धन्दा चलाउनतिर लागेको छ ।




राज्यको राजनीतिक तथा प्रशासनिक नेतृत्व अब हिन्दी सिनेमाको कथामा ‘हप्ता असुली’ गर्ने गिरोहको नाइके तथा टोले गुन्डाको स्तरमा उत्रिएको छ । यिनलाई सिर्फ पैसा चाहिएको छ, स्रोत र तरिकाबारे तिनलाई कुनै सरोकार छैन । यिनीहरू टट्टीमा खसेको सिक्का समेत दाँतले टिप्ने स्तरमा ओर्लिएर नागरिक लुट्न लागेका छन् ।

राज्यको आँखामा मान्छे महिला, पुरुष वा तेस्रो लिङ्गी हुँदैन । ‘नागरिक’ मात्र हुन्छ । नागरिकसँग लागू गरिने कानुन र मापदण्ड, गरिने व्यवहार समान हुनु पर्दछ भन्ने यथार्थ अहिलेसम्म यो राज्यले स्वीकार गरेको छैन । भिजिट भिसा मापदण्ड समानताको हकविपरीत लैङ्गिक विभेदको जीवन्त प्रमाण हो ।

तर, यहाँ यस्ता काम स्वयं सरकार र गृह मन्त्रालयले गर्दछ । सबै तैं चुप, मै चुप । महिला सुरक्षाका नाममा विभेदपूर्ण भ्रमण मापदण्ड निर्धारण गर्नुको साटो सबै नागरिकका लागि आम रूपमा लागू हुने समान, दिगो, सुरक्षित र भरपर्दा मापदण्ड लागू गर्नतिर कसैको ध्यान छैन । सबैलाई थाहा छ कि ९० प्रतिशत बढी नेपालीको देशभित्र कमाएको पैसाले विदेश निर्धक्क घुमफिर गर्नसक्ने आर्थिक क्षमता बन्दैन । ती विदेशमा बस्ने आफन्तमा भर परेर वा काम पाइने लोभले नै विदेश जाने हुन् । यो यथार्थलाई आँखा चिम्लेर बनाइने कानुन र मापदण्डले कर्मचारीलाई तजबिजी अधिकार दिन्छ, असुली धन्दाका लागि निहुँ बनाइ दिन्छ ।

एक्काइसौँ शताब्दीको भूमण्डलीकरणको युगमा पनि आफ्ना नागरिकसँग भरसक विदेश घुम्ने, भ्रमण जाने क्षमता नहोस् भन्ने उद्देश्यले कठोर मापदण्डहरू बनाउनु संकिर्णता सिवाय अरू केही होइन ।

देशभित्र रोजगार, उद्यमशीलता र सम्मानजनक जीवन निर्वाह गर्ने आयस्तर नभएपछि एक बारको जुनी फोकटमा खेर फाल्नुभन्दा विदेश जाने जोखिम उठाउनु वैयक्तिक मानवीय दृष्टिकोणबाट अस्वाभाविक होइन । जोखिम मोल्नु मानव जीवनको एक सकारात्मक पक्ष हो ।

देशको राजधानी सहरको एक मात्र चल्तीको अन्तर्राष्ट्रिय विमान स्थलमा हुने सेटिङ र असुली धन्दाबारे राज्यको मूल नेतृत्व बेखबर हुने कुनै सम्भवना नै हुँदैन । भिडिओअनुसार प्रधानमन्त्री ओली आफैंलाई थाहा रहेछ, त ४ पटक प्रधानमन्त्री हुँदा त्यो जालो किन नतोडेको ?

अध्यागमनको सेटिङबारे प्रधानमन्त्री समेत आम नागरिकलाई थाहा हुने गृहमन्त्री रमेश लेखकलाई मात्र थाहा नहुने, त्यस्तो कसरी सम्भव हुन्छ ?

यो आम कुरा हो कि सबै मन्त्रालय र विभागमा ‘मालदार अड्डा’ को भिन्नै सूची हुन्छ । त्यहाँ हुने सरुवा र पदस्थापनको दररेट हुन्छ । यस्ता अड्डामा सरुवा भइजान मन्त्रालय र विभागमै डिल र सेटिङ हुन्छ । त्यसो नभईकन सामान्य प्रशासनिक प्रक्रियाबाट त्यस्ता ठाउँमा कोही पुगेकै हुँदैन । यति पनि कसैले बुझेको छैन भने नेपाल राज्यको चरित्र र व्यवहारबारे शून्य जानकारी राख्नु सरह हो ।

यदि कुनै मन्त्री यस्ता ‘डिल’ र ‘सेटिङ’ भन्दा बाहिर छ भने उसले त्यस्तो प्रचलनलाई सहजै भत्काउन सक्दछ । यदि कुनै चासो, वास्ता वा मतलब गर्दैन, जे भइरहेको छ हुनदिन्छ, अझ आफ्ना विश्वास पात्रलाई विशेष रुचिका साथ सरुवा गरेर पठाउँछ भने सजिलै बुझिने कुरा हो कि उच्च राजनीतिक नेतृत्व पनि सेटिङको मतियार बनेको छ ।

अख्तियारले तीर्थराज भट्टराईमाथि छानबिन थालेको सुइँको पाएपछि दुई दिनअघि मात्र उनलाई गृह मन्त्रालयमा सरुवा गरिनु मन्त्री रमेश लेखक विमानस्थलमा हुने सेटिङ र असुलीबारे जानकार थिए भन्ने कुराको प्रस्ट प्रमाण हो । अध्यागमन कर्मचारीले गैरकानुनी भ्रमण अनुमति दिँदा प्रतिव्यक्ति २० हजारदेखि ३ लाखसम्म असुलिने र त्यस्तो रकम ओहोदा र हैसियत हेरी दामासाही बाँडफाँड गरिने तथ्यले लुटतन्त्रको भयावहता प्रकट गर्दछ ।

मन्त्री लेखक आफूलाई भद्र र नैतिक राजनीति गर्ने राजनीतिकर्मी भएको दाबी गर्दछन् । यदि यस्तो दाबीलाई पुष्टि गर्ने हो भने पनि उनले राजीनामा दिनु पर्दछ । राजनीति भनेको राज्यका पदमा टाँसिनु मात्र होइन । नैतिक राजनीतिले नागरिक जबाफदेहिताको माग गर्दछ । मन्त्री लेखक यदि नैतिक मूल्य प्रणालीमा आधारित राजनीतिका पक्षधर हुन भने राजीनामा त्यसलाई पुष्टि गर्ने अवसर पनि हो ।

मानौं कि मन्त्री लेखक विमानस्थल असुली धन्दाका सेटिङकर्ता, मतियार वा लाभार्थी होइनन्, तर पनि उनले राजीननमा गर्नु पर्दछ । किनकि आफ्नो जिम्मेवारी र क्षेत्राधिकारभित्रको नाजायज क्रियाकलाप उनले रोक्न सकेका रहेनछन् । यसो हुनु पनि मन्त्रीले पदीय जिम्मेवारी पूरा नगर्नु नै हो ।

आफू मातहतको कर्मचारीले घुस खाँदा मन्त्रीको पद जान सक्दछ भन्ने नजिर स्थापित भयो भने त्यो पनि देशका लागि हितकर नै हुन्छ । किनकि घुस, कमिसन, गैरकानुनी असुलीको अंश नखानु मात्रै मन्त्रीको धर्म होइन, तिनलाई रोक्नुसमेत पदले माग्ने दायित्व हो ।

मन्त्रालयका आएको करिब १ वर्ष हुन लाग्दा उनले विमानस्थलको अध्यागमन सेटिङ र असुली धन्दाको जालो तोडेका रहेनछन् भन्ने पुष्टि भयो । यस कारणले पनि मन्त्री लेखक दण्डित हुनु पर्दछ । उनले पदबाट राजीनामा गर्नै पर्दछ ।- नेपालभ्युजबाट (सम्पादीत अंक)

# चैते धानको मूल्य नपाएपछि हिउँदेको आस

**दमक/** *झापाका कृषकले सरकारले तोकेको समर्थन मूल्यमा चैते धान बेच्न नपाएपनि हिउँदे धानको वीउको मात्रा भने घटाएका छैनन् ।*

*हिउँदे धानको वीउ राख्ने सिजनमा पानी परेकाले यो वर्ष धानको बीउ राख्न सरल भएको छ । जेठ १५ भित्र नै नेपालको सवैभन्दा धेरै धान खेती हुने झापा जिल्लामा वर्षे धान थन्क्याउने र हिउँदे धानको ब्याड राख्ने केही बर्ष यता धान रोपाईंको क्षेत्रफल घट्दै गएको छ ।*



*यस वर्ष झापामा २० हजार हेक्टरमा चैते धान खेती गरिएको थियो । त्यसबाट करिब एक लाख मेट्रिक टन धान उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । गत वर्ष प्रतिमन एक हजारदेखि एक हजार २०० सम्म चैते धान बिक्री भएको थियो । यो वर्ष सरकारले चैते धानको समर्थन मूल्य बढाए पनि कृषकले गत वर्षको भन्दा पनि निकै कम मूल्यमा धान बेच्न बाध्य छन् । कृषि ज्ञान केन्द्रका अनुसार, किसानहरूले प्रतिक्विन्टल एक हजार ७५० मा धान बेच्न बाध्य छन्, जबकि सरकारले दुई हजार ८०० तोकेको थियो ।*

*पछिल्ला ४ बर्ष यता झण्डै १० हेक्टर क्षेत्रफल खेती घटेसँगै धान उत्पादन समेत घट्दै गएको छ । ४ बर्ष अघि झापामा ८७ हजार ५ सय हेक्टर क्षेत्रफलमा ४ लाख २३ हजार मेट्रिक टन धान उत्पादन भएको थियो । तर पछिल्लो तीनबर्ष ३ लाख ८२ हजार मेट्रिक टन मात्र उत्पादन भएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले बताए । केही बर्ष यता धान खेती हुने स्थानमा घर घडेरीले भरिन थालेको र गैरकृषि प्रयोजन हुने कार्य बढेकाले धान खेतीको क्षेत्रफल कम हुँदै गएको उनले बताए ।*

*जलबायु परिवर्तनका कारण लामो समय घाम लाग्दा धान मर्ने समस्या वर्षेनी वढ्दै गएको उनको भनाइ छ । यस्तै पानी पर्दा अधिक बर्षा हुने भएकाले उत्पादनमा गिरावट आएको भएपनि यो पटक वीउ राख्ने सिजनमा पानी परेकाले समयमा नै वीउ राख्न थालिएको देख्दा किसानमा उत्साह बढेको कृषि प्रचारक अधिकृत चेतराज भण्डारीले बताएका छन् ।*

*धान खेती घट्नुले उत्पादनमा ह्रास आउँदै गएको कृषि ज्ञान केन्द्रको तथ्यांक छ । बढ्दो सहरीकरण र भूउपयोग नीतिको उचित कार्यान्वयन हुन नसक्दा कृषि योग्य जमिन घट्दै गएको हो । यो वर्ष वर्षे धान उत्पादन राम्रो भएपनि उचित मुल्य नपाएको बताइएको छ ।*

*जिल्लामा कृषकले बासमती, जङ्गली मन्सुली, रूद्राक्ष, जुङ्गे कालो बासमती, नाजिर, रातो बच्छी, चुल्ठे, बेलगुठी, रातो हाप्सा, होडबच्छी, सेतो बासमती, हाडीफोर, भोटाङे, चम्पासरी, सानो चनाचुर, अनदी, धनकुटे, लालबच्छी, बिरिमफूल, छोटी बासमती, रातो बासमती, रातो अनदी, गोडरा, अम्बरध्वज, दिरूवा, बदलधान, अनदी सेतो, झहर धान, समल चौरी, कोमल धान, गौमा धान, कनकजिर बासमती, कालो रातो अनदी, जिरासरी, अट्टे, राँगा धान, दुधराज, रासधान, मार्सी, अण्डी धान, अनदी रातो, हंसराज, रातो स्थानीय, तिल्की, रातो टुँडे बासमती, श्यामजिरा, घिउकुमारी, दोसरा, ठूलो मनसरा, सिकिचन, रामबेला, आपझुत्ते, जर्नेली र घिउपुरी जस्ता जातका धान झापामा खेती हुने गरेको कृषि ज्ञानकेनद्र झापाले जनाएको छ ।*

*त्यसैगरी, झिनुवा, मिडिया अनदी, थापाचिनी, सेते धान, कालो नुनिया ठूलो, साधारण कालो नुनिया, कालो नुनिया-१, कालो नुनिया-१०, हरिनकेर, परेवा प्वाँख, बामन चिनी, मधुमाला, मधुकर, पुलिङ्टार, कालो तृलसी, कस्तुरी, बुढीडाइन-३, बङ्गलादेशी, अनमोल ५५, अनमोल कालो टुँडे र बाघ जुङ्गे धान झापाको खेतीमा लगाइने गरिएको छ ।*



# भारतीय विषादीयुक्त आँप जफत् गरी नष्ट

**इटहरी/** कृषिप्रधाम मुलुकमा सिजनमा आँप फल्ने स्थान धेरै छन् । आँपलाई सरकारले प्राथमिकता दिएर किसानलाई उत्प्रेरित गराउने हो भने सिजनका आँप भारतबाट ल्याउनै पर्दैन तर यहाँ भारतबाट यतिखेर बेसिजनका आँपले नेपाल रकम त भारत भित्र्याएको छ नै सँगै विभिन्न रोगब्याधि लगाएर भारतमै उपचार गर्न बाध्य बनाएका छन् । इटहरी मात्र होइन पूर्वी नेपालदेखि पश्चिम महाकालीसम्मका बजारहरुमा यतिखेर बेसिजनका केमिकलयुक्त आँपहरु बग्रेल्ती पाइन्छ । सबै ठाउँका फलफुल बजार आँपले पँहेलपुर छन्। नेपाली आँप असार लागेपछि मात्र तयार हुने भए पनि केमिकल (कार्बाइड) प्रयोग गरी पकाइएको आँप घरघरमा पुगिरहेका छन् ।

राम्रो मूल्य आएको भन्दै किसानले व्यापारीलाई आँप बेचिरहेको पाइएको छ । यस्तो आँप स्वादिलो नहुने र पोषक तत्व पनि नपाइने विज्ञहरु बताउँछन् ।

राष्ट्रिय फलफूल विकास केन्द्रका अनुसार नेपालमा अगौटे जातको आँप पाक्ने स्वाभाविक समय अझै भइसकेको छैन । असार लागेपछि मात्र यो आँप बजारमा आइपुग्छ । कार्बाइडले आँपलाई स्वास्थ्यका लागि हानिकारक बनाइदिन्छ । त्यसैले बजारबाट आँप किन्दा सावधानी अपनाउन विज्ञको सुझाव छ । कार्बाइडले पकाएको फलफूल खाँदा पेट दुख्ने, बान्ता हुने, पखाला लाग्नेजस्ता सामान्य समस्यादेखि फोक्सो, मुटु, मिर्गौलाको स्वास्थ्यमा समेत घातक असर पर्छ ।

यस्तै केमिकलयुक्त अस्वास्थ्यकर आँप इटहरी नगरपालिकाले फेला पारेको छ । हानिकारक, स्वास्थ्यप्रतिकूल रहने विषादीयुक्त भारतीय आँपहरु देशभरि छरिएका छन् जसको प्रमाण केही दिन अगाडि इटहरीमा फेला परेको हो ।

इटहरी उपमहानगरपालिकाको खाद्य अनुसन्धान टोली र नगर प्रहरीको संयुक्त अनुगमनबाट यस्तो रहस्य पत्ता लागेपछि सोही टोलीले इटहरीमा भेटिएका त्यस्तँ आँपहरु जफत गरेर इटहरीको फोहोर संकलन कम्पनी इटहरी वेस्ट एन्ड इन्भारो मेनेजमेन्ट प्रा.लि. को फोहोर प्रशोधन केन्द्रमा नष्ट गरिएको छ । विभिन्न अस्वास्थ्यकर केमिकलहरु हालेर स्वादमा फरक देखाउने मात्र होइन त्यसको गुणस्तरसमेत नखस्कन केमिकलकै प्रयोग गरेर, खास गरेर भन्ने हो भने विष हालेर बजारमा ल्याएको हो । यसको खोजी अब इटहरी मात्र होइन सबै स्थानीय तहले आ-आफ्नो क्षेत्राधिकारभित्र अब तुरुन्तै अनुगमन गरेर गुणस्तर पत्ता लगाई यस्ता विष हालेका

✍ बबिता खड्का (गेलाल), इटहरी

कुनै पनि खाद्यान्न बिक्रीवितरणमा पूर्णत रोक लगाउन आवश्यक देखिन्छ । स्वास्थ्यसँग खेलवाड हुनु भनेको केवल व्यापारिक अनैतिकता मात्रै होइन, जनताको जीवनमाथि भएको प्रत्यक्ष प्रहार हो" इटहरीका बौद्धिक युवा सन्तोष ढकाल बताउँछन् । नेपालमा प्रवेश गर्ने नाकामा नै कडा कदम चाल्नुपर्ने, सीमानामै परीक्षण र नियमन चुस्त नभए यस्ता विषादीजन्य वस्तुहरू निर्वाध भित्रिरहने, समाधान सतहमा होइन, जडमै खोज्नुपर्ने, समस्या नाकाबाटै नियन्त्रण गर्नुपर्ने, अनुगमन 'शो' मात्रै होइन, नियमित प्रक्रियामा गर्नुपर्ने अर्का बौद्धिक व्यक्तित्व कस्तुरी कलेजका प्रा. तेजेन्द्र चापागाईं बताउँछन् ।

राष्ट्रिय जनसहयोग कलेज डा. विष्णु खड्काले बजार अनुगमनलाई नाम मात्रको नभई साँच्चिकै प्रभावकारी बनाउन आग्रह गरे । उनले निरन्तर र पारदर्शी अनुगमनले मात्रै उपभोक्तालाई ढुक्क हुनेतर्फ सचेत र सतर्क रहन आग्रह पनि गरे । इटहरी -८ का स्थानीयवासी ठमनाथ लम्सालले -जनताको स्वास्थ्यसँग खेलवाड गर्नेहरूलाई कुनै हालतमा पनि उन्मुक्ति दिनुहुँदैन । उनीहरूलाई कडाभन्दा कडा कारबाही हुनैपर्छ र कारबाही समाचारका लाइनमा सीमित हुनुहुँदैन कानुनी मिसाइल छेड्नुपर्ने तर्क अगाडि सारे । नागरिक समाज इटहरीका सदस्य बोधहरी आचार्यले यो अनुगमन केवल आँप वा केही फलफूलमा मात्र सीमित हुनुहुँदैन सम्पूर्ण खाद्यवस्तुहरूमा पनि यस्तै कडाइका साथ अनुगमन गरिनुपर्छ र हाम्रो खाना पकाउने भान्सा नै जोखिममा छ त्येसैले सम्पूर्ण खाद्य सामाग्री नै बिसादीमुक्त बनाउनुपर्छ ।" अर्गानिक विकल्पलाई प्राथमिकता दिन उनको आग्रह थियो । इटहरीका शिक्षाविद् प्रेमप्रसाद न्यौपानेले भने "क्यामेरा-शो' अनुगमन अब बन्द गरौं, गुणस्तरीय र निष्पक्ष प्रणाली स्थापना गरौं, स्वास्थ्यसँग खेलवाड गर्नेहरूलाई उन्मुक्ति होइन, उचित कानुनी उपचारको खोजी गरि उपभोक्ताको उपभोग गर्न पाउने उपभोक्ताको अधिकार हनन हुन् बाट- बचौ अनि बचाऔं । उनले थपे, "बिषादीयुक्त आप नष्ट गर्ने राम्रो काम भयो, अर्गानिक आँप किनेर खान पाए हुनेथियो, समाधान केवल नियन्त्रण होइन, स्वस्थ, अर्गानिक खाद्य विकल्पमा लगानी पनि हो ।

## प्रविधिमा बालबालिका



# प्रविधिमा बाल–पहुँच कति फाइदा कति बेफाइदा ?

✍ सृजना पाण्डेय

*क्रमागत....*

त्रिभुवन माध्यमिक विद्यालय अर्गली पाल्पाका शिक्षक दामोदर पाण्डेय प्रविधिको प्रयोग वर्तमान समयको अपरिहार्य आवश्यकता भएको र प्रविधिबाट आजको समाज भिन्न रहने कुराको कल्पनासम्म पनि गर्न नसकिने बताउँछन् । प्रविधिको प्रयोगले मानिसलाई कम समयमा थोरै परिश्रमले धेरै काम सम्पन्न गर्न सफल बनाएको र मानिसले घण्टौं लगाएर गर्ने काम प्रविधिको प्रयोगबाट क्षणभरमै सम्पन्न गर्न सकिने उनको धारणा छ ।


अहिलेका बालबालिकामा प्रविधिको आधारभूत ज्ञान स्वतः प्राप्त हुनुका साथै बालबालिकाले प्रविधि तथा सामाजिक सञ्जालको प्रयोगले छिट्टै अद्यावधिक सूचना प्राप्त गर्न सक्ने पाण्डेयको भनाइ छ ।

अधिक मनोरञ्जनले अध्ययनमा ठूलो बाधा पार्ने भएकाले बाबुआमाले आ´ना नानीबाबुहरूले प्रविधिका सामग्रीलाई कसरी प्रयोग गरेका छन् सो कुराको ख्याल गरी आवश्यक परामर्श दिनुपर्ने उनी बताउँछन् । पाठ्यपुस्तक तथा पाठ्य सामग्रीहरु विद्यार्थीका लागि रूचिकर हुने गरी परिमार्जन गर्नुका साथै विद्यालयमा आधुनिक प्रविधिको प्रयोग गरी शिक्षण गर्नुपर्ने कुरा पाण्डेय सुझाउँछन् ।

पद्म माध्यमिक विद्यालय, दरबार क्षेत्र भक्तपुरका शिक्षक लक्ष्मण घिमिरले प्रविधिलाई कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढंगले काम गर्ने पद्धतिका रूपमा परिभाषित गर्दै मोबाइल, ल्यापटप, कम्प्युटर भिडियो गेमजस्ता कुरा प्रविधिअन्तर्गत पर्ने बताउँछन् । प्रविधिले बालबालिकामा नराम्रो असर पार्छ भनेर सिधैं भन्न नमिल्ने बरू प्रविधिजन्य उपकरणहरूको कसरी प्रयोग भएको छ भन्ने कुराले यसमा महत्व राख्ने बताउँछन् । प्रविधिको सदुपयोगमा अभिभावक, शिक्षक र अन्य पक्षले ध्यान दिनुपर्ने उनको बुझाइ छ ।

बालबालिकाले छिटो सिक्ने, सिकाइ दीर्घकालीन हुने लगायत मल्टिमिडियामार्फत विभिन्न पाठसँग सम्बन्धित श्रव्यदृश्य सामग्रीको प्रयोगले विषयवस्तुको धारणा सबल हुने उनको भनाइ छ । विद्यालयमा र किताबमा मात्र पढेर दैनिक जीवनका व्यावहारिक समस्या हल हुन सक्दैनन् त्यसकारण बालबालिकाले नयाँ कुराको खोजी गर्न यी माध्यमले सहयोग गरेको उनको अनुभव छ । प्रविधिको अत्यधिक प्रयोगले बालबालिकामा दृष्टिदोष हुने सम्भावना बढी हुने उनी बताउँछन् । उचित मार्गनिर्देशनको अभावमा बालबालिकाले नराम्रो कुरा पनि सिक्ने हुँदा त्यसका लागि शिक्षक, अभिभावक र सम्बन्धित पक्षले ध्यान पुऱ्याउनुपर्ने उनले बताए । शिक्षक घिमिरेका विचारमा बालबालिकाको उमेर जीवनको प्रारम्भिक उमेर हो । यो समयमा उसको भावी जीवनको आधार निर्माण हुन्छ त्यसैले नराम्रो कुरा सिक्नबाट उनीहरूलाई बचाउनुपर्छ । विद्युतीय सामग्रीका कुरालाई पाठ्यक्रममा नसमेट्दा बालबालिका प्रविधिको प्रयोगमा पछाडि पर्नुका साथै समयको मागअनुरूप शिक्षा र पाठ्यक्रमको विकास गर्न सकिएन भने त्यो शिक्षा उपयोगी नहुने उनको धारणा छ । आजको विज्ञान र प्रविधिको युगमा विकसित देशहरू पेपरलेस, पेनलेस शिक्षणसिकाइतर्फ प्रयत्नशील भइरहेको परिपेक्षमा नेपालका पनि धेरै विद्यालय इमेल, इन्टरनेटको पहुँचमा पुगिसकेको उनले बताए । समयानुकूल विश्व परिवेशमा प्रतिस्पर्धी नागरिक तयार गर्न विद्यालय तहदेखि नै पाठ्यक्रम निर्माण गर्दा बालबालिकाको सिकाइमा आवश्यक पर्ने एप्लिकेसनहरूको जानकारी गराउने, सन्दर्भ स्रोत सामग्रीहरूको लिंक उल्लेख गर्ने, के सामग्री कसरी खोज्ने त्यसको बारेमा आवश्यक जानकारी गराउने गरी विषयगत रूपमा र माध्यमको रूपमा समेटिनु अपरिहार्य रहेको उनले बताए । क्रमशः...

## बालक्वीज



यो स्तम्भमा बालबालिकाको क्षमता अभिवृद्धिका लागि प्रतियोगितात्मक पाँच प्रश्न राखिएका छन् । बालबालिकाभित्र अतिरिक्त ज्ञानको भण्डार भर्न र उनीहरुसँग भएको ज्ञान बाँड्ने उद्देश्यले विद्यालयमा अध्ययनरत ८ कक्षासम्मका विद्यार्थीले यो **बालक्वीज** प्रतियोगितामा सहभगिता जनाउने सक्नेछन् । सबैभन्दा बढी उत्तर मिलाउने १ जना विद्यार्थीलाई पूर्वसन्देशको तर्फबाट पुरस्कार प्रदान गरी फोटोसहित नाम प्रकाशन गरिनेछ । धेरै बालबालिकाले उत्तर मिलाएमा गोलाप्रथाबाट छनौट गरिनेछ । विजेता बालबालिकासँगै अर्को हप्ता उत्तर प्रकाशन गर्नेछौं । सहभागिताका लागि दिइएको विवरण बुझिने गरी पूर्वसन्देशको दैनिक मेल (purbasandesh@yahoo.com) मा पठाउनुहोला ।

**१) नेपालको सबैभन्दा पुरानो राजमार्ग कुन हो ?**
*(क) अरनिको राजमार्ग (ख) पृथ्वी राजमार्ग*
*(ग) सिद्धार्थ राजमार्ग (घ) त्रिभुवन राजपथ*

**२) नेपालको सबैभन्दा लामो जीपलाइन कहाँ सञ्चालन भएको छ ?**
*(क) नगरकोट (ख) नुवाकोट (ग) सराङकोट (घ) चरिकोट*

**३) सन् २०२३ मा सम्पन्न एसिसी यू-एसिया कप जित्ने राष्ट्र कुन हो ?**
*(क) युएयी (ख) पाकिस्तान ग) बङ्गलादेश (घ) भारत*

**४) नेपालमा दुई वटा कारागार भएको जिल्ला कति छन् ?**
*(क) एक (ख) दुई (ग) तीन (घ) चार*

***५, भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस कहिले मनाइन्छ ?***
*(क) डिसेम्बर ६ (ख) डिसेम्बर ७*
*(ग) डिसेम्बर ८ (घ) डिसेम्बर ९*

**६) राष्ट्रियसभा सदस्य रिक्त पदको निर्वाचन कहिले हुने भएको छ ?**
*(क) २०८० माघ ११ गते (ख) २०८० माघ १२ गते*
*(ग) २०८० माघ १३ गते (घ) २०८० माघ १४ गते*

***गतांकको सही उत्तर : ६- (ग) ७- (ग) ८- (घ) ९- (क) १०-(घ)***

**प्रतियोगी बालबालिकको विवरण**

विद्यालयको नाम :
विद्यार्थीको नाम :
कक्षा :
ठेगाना :
सम्पर्क नम्बर :

**आइपुग्नुपर्ने अन्तिम मिति : २०८२ जेठ २९ गतेभित्र**

# किसानलाई आधुनिक हलो वितरण



**उर्लाबारी/** उर्लाबारी नगरपालिकाले कृषकलाई ७५ प्रतिशत अनुदानमा 'कृषि हलो' वितरण गरेको छ । यान्त्रिकीकरणमार्फत कृषकलाई व्यावसायिक बनाउने र स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकाले पहिलो चरणमा ८० थान कृषि हलो वितरण गरेको हो ।

कृषकहरुलाई कार्यवाहक नगर प्रमुख मीना खतिवडा पौडेलले उक्त हलो वितरण गरिन् । प्रविधिको उपयोग गरी खेतबारी जोत्न सजिलो होस् भनेर मागमा आधारित भएर किसान लक्षित कार्यक्रम ल्याइएको उनको भनाइ छ । माग र आवश्यकताका आधारमा किसानलाई कृषि हलो वितरण गरिएको नगरपालिकाका कृषि शाखा प्रमुख अम्बिकाप्रसाद लुइटेलले जानकारी दिए । उनले कृषिलाई यान्त्रिकीकरणमा जोडी उत्पादन लागत घटाउन यो कार्यक्रम प्रभावकारी हुने बताए । कृषकहरुको समूह र फर्मलाई हलो वितरण गरिएको हो ।

कृषि हलो बाहिरबाट खरिद गरेर ल्याइएको होइन । उर्लाबारी-७ को दिपक सप्लायर्सबाट खरिद गरिएको हो । खासै प्रयोगमा नआएको तर उपयोगी 'कृषि हलो' उर्लाबारी-७ का दीपक भण्डारीको अवधारणा अनुसार यहीँ निर्माण गरिएको हो । बाँदर धपाउने यन्त्र बनाएर काफी चर्चा बटुलेका दिपक सप्लायर्सका सञ्चालक भण्डारीद्वारा निर्मित फरक खालको कृषि हलो उर्लाबारी नगरपालिकाले प्रबर्द्धन गरेपछि उनी दंग छन् ।

'चाइनिज टेक्नोलोजी' लाई पछ्याएर यस्तो हलो बनाइएको उनको कथन छ । अग्लो वा होचा जस्ता मानिसले पनि सहजै जोत्न सक्ने, इन्धन नलाग्ने, शारीरिक उर्जापनि खासै खर्चिनु नपर्ने हलोको विशेषता रहेको भण्डारी बताउँछन् । उनले नगरपालिकाका मेयर गंगाप्रसाद खरेललाई आफ्ना उत्पादनका विशेषता अवगत गराएपछि नगरपालिकाले प्रोत्साहन गरेको भन्दै आफ्ना उत्पादनको बजारीकरणमा टेवा पुगेको प्रतिक्रिया दिए । यो कृषि हलो खासगरी मकै, आलु र अन्य तरकारी बालीका लागि खनजोतमा उपयोगी हुने भन्दै उर्लाबारी-१ का कृषक नगेन्द्र मगरले आफ्नो समूहलाई उपलब्ध गराएकोमा नगरपालिकाप्रति आभार व्यक्त गरे ।

## साहित्य

### रोपेर फूल ......

♦ मेघनाथ बन्धु



यो ग्रीष्ममा जल खुली रसिलो बनायो
उम्रे नयाँ तृण लता मन रम्न पायो
मौका बुझेर अहिले नव वृक्ष लाऊँ
रोपेर फूल धरती रसिलो बनाऊँ ॥
पार्छन् उजाड कतिले तरू वृक्ष काटी
बेच्दै छ तस्कर धनी बनिँदै छ खाली
खोजेर औषध बुटा रसदार पाऊँ
रोपेर फूल धरती रसिलो बनाऊँ ॥
हुन् रङ्ग रङ्ग घर बाग जहीँ सुगन्ध
बग्दा समीर जगमा छरियोस् उमङ्ग
शिक्षा दिई नव मुना घरमै सजाऊँ
रोपेर फूल धरती रसिलो बनाऊँ ॥
मौरी र भृङ्ग पुतली रस चुस्न आऊन्
उफ्रेर हर्ष दिलका नव गीत गाऊन्
हेरेर पुष्प दलका नित काव्य गाऊँ
रोपेर फूल धरती रसिलो बनाऊँ ॥

*दमक-झापा*

❁❁❁

### चारु: २० अक्षर

♦ तेजप्रसाद खनाल (भावुक)

सहिद : तिमी परिवर्तन ल्याई अन्याय हरेर गयौ
प्रजातन्त्र-गणतन्त्र ल्याई देशका निम्ति मरेर गयौ।
निःस्वार्थी थियौ कायर र स्वार्थी थिएनौ तिमी रत्तिभर
साँच्चिकै देश अनि जनताको लागि अघि सरेर गयौ।
नेपाल आमाले असल देशभक्त सपूत नै चाहन्थिन्
तिमी नेपाल आमाको असल सपूतमा परेर गयौ।
दु:खी असहाय अनाथ अनि अन्यायमा परेकालाई
न्याय अनि समानताले दिव्य त्यो उज्यालो भरेर गयौ।
उज्यालो छाउने छ देश समाजमा एकदिन किन कि
तिमीऽबादलका ऽधर्सा हटाउने सन्देश छरेर गयौ।

*लमही, दाङ*

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## मनोरञ्जन

# टिकटक हुँदै चलचित्रमा प्रवेश गरेकी शाही



**दमक/** रूकुमपश्चिमको आठबिसकोट नगरपालिका-९ निवासी दीपा शाहीले टिकटकबाट म्युजिक भिडियो हुँदै चलचित्रमा प्रवेश गरेकी छन् । छोटो समयमा एक सय बढी म्युजिक भिडियोमा अभिनय गरेर चर्चा कमाउन सफल दीपाले दिवाकर भट्टराई निर्देशित चलचित्र 'नरसिंहा : अवतार' मा पहिलो पटक अभिनय गर्नुभएको छ । राजेश हमालगायतका कलाकारसँग अभिनय गर्न पाउनु आ´नो ठुलो अवसर भएको दीपाले बताईन् ।

टिकटकबाट चर्चामा आएर म्युजिक भिडियोमा तानिनुभएकी दीपाले 'कस्ती थिएँ कस्ती भएँ, कर्णाली-कर्णालीतिर, एक नजरमै फिदा भएँ म, डाँडापारि, मेरी भुपू मायालु, जाउँ साइँली बेनी बजार, लजाउने हैछौ नि, मायाको रोग' लगायतका चर्चित गीतमा उत्कृष्ट अभिनय गरेकी छन् । म्युजिक भिडियोमा पाएको सफलतापछि चलचित्रमा अभिनयका लागि प्रस्ताव आएको उनले बताएकी छन् । दीपालाई अहिले चलचित्र र म्युजिक भिडियोमा थुप्रै प्रस्ताव आउने गरेका छन् ।

## दैनिक राशिफल




आज मिति
२०८२ साल
जेठ २४ गते
शनिबार
7 June. 2024
तिथि: एकादशी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना : क्याम्पस मोड,
सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | परिश्रम बढी गर्नु पर्ने । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मित्रहरुबाट सहयोग । आर्थिक पक्ष सवल । |
| मिथुन | का कि कु घ ङ छ के को हा | गरेका कामहरुमा सफता । पठन-पाठनमा भने मध्यम । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । बोलीको प्रभावबाट काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | अनावश्यक खर्च । शत्रुको भय । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ भे | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

# राष्ट्रिय बहुमुखीमा दुई सहकारी गाभिए

**दमक/** दमक- ८ स्थित राष्ट्रिय बहुमुखी सहकारी संस्थामा दुईवटा संस्था गाभिएका छन् ।

मोरङको पथरी सनिश्चरे स्थित सरोकार कृषि सहकारी संस्था लिमिटेड र इलामको चुलाचुली -३ स्थित चुलाचुली कृषि सहकारी संस्था एकापसमा गाभिएका हुन।

संस्थाको आफ्नै सभा हलमा शुक्रबार एकीकरणको लागि संयुक्त साधारण सभा गरी सो घोषणा गरिएको हो ।

एकीकरण सभाले संस्थाको नाम राष्ट्रिय बहुमुखी सहकारी संस्था लिमिटेड नै कायम गर्ने,संस्थाको विनियम संशोधन सहित भावी कार्य योजना तथा नयाँ तदर्थ सञ्चालक समिति र तीन सदस्यीय रहेको लेखा सुपरिवेक्षण समिति गठन गरिएको हो । एकीकरण साधारण सभाका लागि राष्ट्रिय बहुमुखी सहकारीका अध्यक्ष को संयोजकत्वमा ५ सदस्य रहेको एक कार्यदल गठन गरिएको थियो ।

**सञ्चालक र लेखा समिति गठन**

नौ सदस्यीय सञ्चालक समितिको अध्यक्षमा पुनः लक्ष्मुदास राई, उपाध्यक्षमा कृष्णबहादुर गोले, सचिवमा दिपेन बाला राई, सहसचिवमा फुलसरी राना मगर, कोषाध्यक्षमा टंक प्रसाद दुलाल चुनिएका छन्।

यसैगरी सदस्यहरूमा विष्णु सुब्बा, वासुदेव राई, पारसमणि राई र राजन लिम्बु चुनिएका छन्। चुलाचुली कृषि सहकारीका पूर्व अध्यक्ष नयस्तै, देउकुमार निलेखु, यमुना भट्टराई र ज्ञानदीप राई चयन भएका छन् । निर्वाचित सञ्चालक तथा लेखा समितिको नामावली चुलाचुली कृषि सहकारीका पूर्व अधक्ष नकुल राईले घोषणा गरेका थिए। निर्वाचित सो समितिले आगामी असोज १० १० गते सम्पन्न हुने साधारण सभासम्म संस्थाको नियमित कार्यसम्पादन गर्ने गर्नेछ ।

सो संयुक्त साधारण सभामा राष्ट्रिय बहुमुखी सहकारी संस्थाका सल्लाहकार सुमित्रा वाङ्लेल चेली, चुलाचुली कृषि सहकारीका निवर्तमान अध्यक्ष मिलन राई लगायतले सहकारीको विषयमा बोलेका थिए ।

एकीकरणको लागि संयुक्त सो सभामा राष्ट्रिय बहुमुखी सहकारी संस्थाका सञ्चालक, चुलाचुली कृषि सहकारी संस्थाका सञ्चालक र सरोकार कृषि सहकारी सञ्चालक लेखा समिति तथा विभिन्न उपसमितिका पदाधिकारी सदस्यहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

## हात्तीलाई छेक्न बारबाट करेन्ट लागेर आठ जना घाइते

**कनकाई/** हात्तीलाई छेक्न लगाएको तारबारबाट करेन्ट लाग्दा कनकाईमा ८ जना घाइते भएका छन् । शुक्रबार बिहान अन्दाजी ८ बजे कनकाई वडा नं. २ जामुनखाडी बस्ने फरकबहादुर बस्नेतको करेसाबारीमा लगाएको बोडी टिप्न जाँदा ८ जना घाइते भएका हुन् ।

घाइते हुनेहरूमा कनकाई २ बस्ने ६४ वर्षीय फरकबहादुर बस्नेत, २६ वर्षीया अनु खड्का, २२ वर्षीया सन्ध्या कार्की, १८ वर्षीय सलिन कार्की, ३५ वर्षीय गोपाल बस्नेत, ५८ वर्षीया डम्बरकुमारी बस्नेत, २२ वर्षीया लक्ष्मी चौहान र ४४ वर्षीय तुलाराम कार्की रहेका छन् । घाइतेहरूको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको र सबै जनाको अबस्था सामान्य रहेको छ । इलाका प्रहरी कार्यालय सुरूङ्गाबाट प्रहरी बरिष्ठ नायव निरीक्षक राधाकृष्ण दाहालको कमाण्डमा टोली खटिएर थप बुझ्ने कार्य भइरहेको जनाइएको छ ।

## भरुवा बन्दुकसहित दुई पक्राउ

**उर्लाबारी/** भरूवा बन्दुकसहित प्रहरीले मोरङको केराबारी गाउँपालिका-६ तामाङ टोलबाट दुईजनालाई प्रहरीले पत्राउ गरेको छ । प्रहरीका अनुसार केराबारी-६ का धनबहादुर श्रेष्ठको घरभित्र बन्दुक फेला परेको थियो । अवैध भरूवा बन्दुक राखिएको विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय केराबारीका वरिष्ठ प्रहरी नायव निरीक्षक मानबहादुर जिम्बा नेतृत्वको टोलीले बिहीबार राति १०:३० बजेतिर श्रेष्ठको घरमा छापा हानेको थियो ।

घर खानतलासी गर्ने क्रममा घरको पश्चिमतर्फको कोठामा तन्नाले छोपेर राखेको अवस्थामा १ नाल भरूवा बन्दुक बरामद गरिएको जानकारी प्रहरीले दिएको छ । बन्दुक फेला परेसँगै प्रहरीले धनबहादुरका छोरा २६ वर्षीय गणेश श्रेष्ठ र स्थानीय ३२ वर्षीय सन्तवीर तामाङलाई पत्राउ गरेको हो । बरामद भएको बन्दुकसहित दुवैजनालाई इलाका प्रहरी कार्यालय बेलबारीमा राखेर प्रहरीले थप अनुसन्धान सुरू गरिएको छ ।

प्रहरीले अनुसन्धानको थप प्रक्रिया अघि बढाएको हो । पत्राउ परेकाविरूद्ध हातहतियार खरखजना ऐनअन्तर्गतको मुद्दा चलाउने प्रहरीको तयारी छ । बरामद भएको बन्दुक वन्यजन्तुको अवैध चोरी सिकारीमा प्रयोग गर्ने गरिएको हुनसक्ने प्रहरीको भनाइ छ ।

## ट्याक्टरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**उर्लाबारी/** मोरङमा ट्याक्टरमा ठोक्किएर मोटरसाइकल चालकको मृत्यु भएको छ । बिहिबार राति ८ बजे मोरङ सुनवर्षी नगरपालिका -९ मलढैयास्थित झपरतल- डाइनिया हुलाकी सडकखण्डमा बाटो छेउमा बिग्रिएर रोकी राखेको को.१त. ११०५ नंम्बरको ट्र्याक्टरमा झपरतलबाट डाइनियातर्फ आउँदै गरेको मे.७प. १०२९ नंम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई पछाडीपट्टि ठक्कर खाई दुर्घटना भएको थियो ।

दुर्घटनामा मोटरसाइकल चालक २० वर्षीय नबिनकुमार पोद्धार गंभीर घाइते भई उपचारका लागि रंगेली अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको हो । सोही मोटरसाइकलमा पछाडी सवार भारत अररिया जिल्ला आँपगाछी पंचायत-७ कोहारा बस्ने १९ वर्षीय पप्पुकुमार बहरदार घाइते भएका छन् । उनको रंगेली अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

***देउवासँग...***

राखेर विपक्षी दलहरूले सदनमा अवरोध गर्दै आएका छन् । खुलाउने प्रयास विफल भएपछि शुक्रबार पनि बैठक बस्दै नबसी स्थगित भएको हो ।

यस प्रकरणलाई लिएर विपक्षीहरूले १३ गते देखि नै सदनमा अवरोध गर्दै आएका छन् । संवैधानिक व्यवस्था अनुसार १५ जेठमा बजेट प्रस्तुत गर्नैपर्ने भएकाले त्यसदिन भने उनीहरूले बैठक चल्न दिए । तर त्यसपछि प्रक्रियामा विपक्षी दलहरूले निरन्तर अवरोध जारी राखेका छन् । बैठक सञ्चालनका लागि सभामुख र सत्तारूढ दलहरूले पटक-पटक उनीहरूसँग छलफल गरे पनि सहमति जुटेको छैन ।

**सार्वजनिक लेखा समितिमा छलफल गर्न माग**

सार्वजनिक लेखा समितिमा भिजिट भिसाबाट लाखौं युवाहरू लुटिएको भन्दै यसबारे छलफल चलाउन सांसद्हरूले माग गरेका छन् । शुक्रबारको समितिको बैठकमा नेकपा (माओवादी केन्द्र) का सांसद अमललाल मोदीले भिजिट भिसाका कारण धेरै नेपाली ठगीको र गृहमन्त्री रमेश लेखकमाथि प्रश्न उठेकाले यसबारे समितिमा छलफल गर्न माग गरेका हुन् ।

उनले गृहमन्त्री लेखकले छानविनका लागि मार्गप्रशस्त गर्दै राजीनामा समेत दिनुपर्ने बताए । उनले गृहमन्त्री लेखकलाई मार्गप्रशस्त गरेर छानविनका लागि तयार हुन आग्रह गरे ।

***वैदेशिक........***स्थायी मात्रै नभई अस्थायी रूपमा उतै बस्नका लागि पनि ठूलो संख्यामा नेपालीहरू विदेश गईरहेको सरकारी तथ्यांकले देखाउँछ । सन् २०२३ मा ९२ हजार ३ सय ४९ जना नेपाली अस्थायी रूपमा विदेशमा बस्नेगरी नेपालबाट अनुमति लिएर गएका छन भने सन् २०२४ मा मात्रै ६६ हजार ८३५ नेपाली अस्थायी रूपमा विदेशमा बस्नका लागि एयरपोर्ट प्रयोग गरेर नेपाल छाडेको अध्यागमन कार्यालयको तथ्यांकले देखाउँछ ।

पछिल्लो यो दुई वर्षमा रोजगारीको खोजीमा ठूलो संख्यामा विदेश गएको पनि तथ्यांकले देखाएको छ । सन् २०२३ र २०२४ मा मात्रै नेपालमा काम नपाएर रोजीरोटीका लागि १६ लाख ६४ हजार ८ सय ३७ नेपाली विदेश गएका छन् । अध्यागमन कार्यालयका अनुसार सन् २०२३ को तुलनामा २०२४ मा रोजगारीका लागि विभिन्न मुलुक जानेहरूको संख्या पनि वृद्धि भएको देखिन्छ ।

सन् २०२३ मा कामको खोजीका लागि विदेश जाने नेपालीको संख्या ८ लाख ८ हजार ४ सय १५ रहेकोमा सन् २०२४ मा ८ लाख ५६ हजार ४ सय २२ रहेको छ । पछिल्लो दुई वर्षको अवधिमा अध्ययानका लागि ठूलो संख्यामा विद्यार्थी बाहिर गएको तथ्यांकले देखाएको छ । सन् २०२३ र २०२४ मा मात्रै नेपालमा मात्रै विद्यार्थी भिसामा २ लाख २७ हजार ९५१ जना विदेश गएका छन् । सन् २०२३ को तुलनामा २०२४ मा पढ्नका लागि विदेश जानेहरूको संख्या बढेको देखिन्छ ।

सन् २०२३ मा १ लाख ८ हजार ५ सय ४२ जना पढ्नका लागि विदेश गएकोमा अर्को वर्ष २०२४ मा मात्रै १ लाख १९ हजार ५ सय ९ जना अध्ययनका लागि देशै छाडेर विद्यार्थी विभिन्न मुलुकमा गएको तथ्यांकले देखाएको छ ।

यस्तै पछिल्लो समय भिजिट भिसामा विदेश जाने नेपालीको संख्या पनि बढेको देखिन्छ । अध्यागमन विभागले उपलव्ध गराएको तथ्यांकअनुसार पछिल्लो ४ लाख ७८ हजार ८४६ नेपाली विदेशमा गएका छन् । सन् २०२३ को तुलनामा २०२४ मा घुमफिरका लागि भन्दै धेरै नेपाली विदेश गएको तथ्यांकले देखाएको छ । सन् २०२३ मा २ लाख ४ हजार ५ सय १८ नेपाली घुमफिरका लागि विदेश गएकोमा सन् २०२४ मा मात्रै २ लाख ७४ हजार ५ सय १८ नेपाली विभिन्न मुलुकमा घुमफिरका लागि भन्दै भिजिट भिषामा गएका छन् ।

## कोठा भाडामा लिएर नक्कली नोटको धन्दा

**बिर्तामोड/** झापाको काँकरभिट्टाबाट नक्कली नोटसहित पक्राउ परेका गणेश भारतीले झापामा कोठा भाडामा लिएर नक्कली नोट छाप्ने गरेको प्रहरीले अनुन्धानबाट फेला पारेको छ। काँकरभिट्टास्थित नेपाल बैंक अगाडिबाट प्रहरीले गत जेठ १८ गते तेह्रथुम ओयाक्जुङ -५ का २८ वर्षीय भारतीलाई नक्कली एक लाख रुपैयाँसहित पक्राउ गरेको थियो।

झापाको कनकाई नगरपालिका- ८ लक्ष्मीपुरमा कोठा भाडामा बस्दै आएका भारतीको साथबाट १ हजारका १ सय थान नक्कली नोट बरामत गरेको थियो।

उक्त घटनामा झापा प्रहरीले जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान गर्ने क्रममा उनले नक्कली नोट आफैले छपाई गरी चलन गरेको खुलेको छ। प्रहरी निरीक्षक राज कुमार कार्की समेतको अनुसन्धान टोलीले लक्ष्मीपुरस्थित कोठामा खोजतलास गर्दा थप नक्कली नोटहरु फेला परेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

प्रहरीका अनुसार विभिन्न दरका नेपाली नक्कली ( खोटा मुद्रा) ५ लाख ३० हजार ६ सय ८० रुपैयाँ सहित नोट छाप्ने गरेको मेसिन थान, नोटमा प्रयोग हुने विभिन्न प्रकारका रंग लगायतका प्रमाणहरु बरामद गरिएको झापा प्रहरीले जनाएको छ। प्रहरीका अनुसार १ हजार दरका नक्कली (खोटा मुद्रा) ४७० थान, ५ सय दरका २८२ थान, १ सय दरका १९० थान, ५० दरका १२ थान र २० दरका ४ थान बरामद गरिएको छ।

१ थान प्रिन्टीङ मेसिन, ३ थान मोवाईल, १ थान कैची, नोट बनाउन प्रयोग भएको कागज कपी २ थान बरामद गरिएको प्रहरीले जनाएको छ।

## अन्तर्राष्ट्रिय झापाली समाजको बिर्तामोडमा अधिवेशन तयारी

**बिर्तामोड/** अन्तराष्ट्रिय झापाली समाजले पाँचौ अधिवेशनको आगामी असोज २३ र २४ गते हुने भएको छ । समाजको कार्यसमितिको पूर्ण बैठकले यही असोज २३ र २४ गते ( अक्टोवर ९ र १० तारिख) का दिन झापाको बिर्तामोडमा अधिवेशन गर्ने निर्णय गरेको समाजका अध्यक्ष मुकुन्द ढुंगानाले जानकारी दिए ।

अधिवेशन अन्तरगत असोज २३ गते बन्द सत्र हुनेछ भने २४ गते नयाँ नेतृत्वकाा लागि निर्वाचन कार्यक्रम हुनेछ । बैठकले अधिवेशन तयारीका लागि आवश्यक विभिन्न समितिहरू पनि गठन गरेको समाजका महासचिव नवीन पोखरेलले बताए । अधिवेशनले सन् २०२५-२०२७ कार्यकालका लागि नयाँ कार्यसमिति चयन गर्ने उनले बताए ।

२०१७ मा स्थापित अन्तराष्ट्रिय झापाली समाजले विभिन्न सामाजिक कार्यहरू सँगै हालसम्म ४ वटा देशमा क्षेत्रीय सम्मेलन तथा ४ वटा अधिवेशनहरू सम्पन्न गरिसकेको छ । अधिवेशनमा सबै राष्ट्रिय समिति र विश्वभर रहेका झापालीहरूलाई प्रत्यक्ष सहभागिता जनाउन समाजले अपिलसमेत गरेको छ ।

## बुबा र छिमेकीको हत्यामा छोरा पक्राउ

काठमाडौं । पश्चिम नवलपरासीको सुनवलमा छोराले बाबु र छिमकीको हत्या गरेका छन् । शुक्रबार बिहान ११ बजे जिल्लाको सुनवल नगरपालिका- २ को औरहियामा ३५ वर्षीय हेमराज थारूले ५० वर्षीय बाबु जयराम थारु र छिमेकी ७० नाथु धरिकारलाई कोदालो प्रहार गरी हत्या गरेको जिल्ला प्रहरीका कार्यालय नवलपरासीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरदत्त पन्तले बताए ।

इलाका प्रहरी कार्यालय सुनवल र जिल्ला प्रहरी कार्यालयको टोली घटनास्थलमा पुगेर आरोपित पक्राउ गरिसकेको प्रहरीको भनाइ छ ।


### झापा डाइग्नोस्टिकको सेवा

रेडियोलोजिष्टको क्षेत्रमा लामो अनुभव प्राप्त गरी भरपर्दो सेवा प्रदान गर्दै आउनु भएका चिरपरिचित डा. तिलकचन्द्र शाहको भिडियो एक्सरे क्लिनिक (झापाडाइग्नोस्टिक) हिमाल फार्मेसीबाट दमक प्रहरी थाना अगाडि इसा कम्प्लेक्समा सरेको आम सेवाग्राहीमा जानकारी गराउँदछौं ।

: सम्पर्क नम्बर:
९७०४५४४८९९/०२३-५७७४१४

### A-One इटाको नयाँ उत्पादन बजारमा

अत्याधुनिक प्रविधिबाट उत्पादित सिद्धकाली ब्रिक्स प्रा.लि. कमल-१ सोलमारीमा ठूलो साइजको A–One इटाको बुकिङ खुल्ला गरिएको छ ।

भट्टा सम्पर्क : **विष्णु कार्की**
९८५२६७०३०५/९८०२६२६५५/९८१६३१३२७१

**म्यानेजर** ९८०२६२६६४०

दमक सम्पर्क : **लुसन कार्की** ९८०२६२६६२८/९८५२६२६६२८


## दीपिनी स्कुलमा विद्यार्थीको शीप विकासका लागि गोष्ठी



**दमक/** दमक-५ स्थित दिपिनी आधारभुत विद्यालयले विद्यार्थीको शीप विकास र आयआर्जनका लागि ३ दिने कार्यशाला गोष्ठी सम्पन्न गरेको छ ।

विद्यालयको सभाहलमा बुधबारदेखि सुरू भएको कार्यक्रमको शुक्रबार समापन गरिएको प्रधानाध्यापक शेषकुमार निरौलाले बताए । निरौलाका अनुसार दमक नगरपालिकाका सामाजिक विकास समिति संयोजक शारदा सापकोटा भट्टराईले उद्घाटन गरेको सो कार्यक्रममा शिक्षा अधिकृत सोमनाथ गुरागाईले समापनको प्रमुख आतिथ्यता ग्रहण गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिका सदस्य सदस्य चैतन्य वरालको अध्यक्षता रहेको सो कार्यक्रममा दमक-५ का कार्यवहाक वडाअध्यक्ष खड्ग राई, कार्यपालिका सदस्य सरू परियारलगायतको उपीस्थति रहेको थियो ।

सो कार्यक्रमबाट विद्यार्थीहरूले सिप सिकेर त्यसलाई आयआर्जन गर्न सक्ने क्षमताको विकास भएको प्रधानाध्यापक निरौलाले बताए । निरौलाका अनुसार छात्रालाई दुनाटपरी गास्न सिकाइएको छ भने छात्रले फिनेल उत्पादन गरेका छन् । कक्षा ६ देखि ८ सम्मका विद्यार्थीले भाग लिएको सो कार्यशालाबाट उत्पादित फिनेर बाल क्लबले लागत मूल्यमा बिक्री गर्ने भएको छ भने दुनाटपरी विद्यालयमै राखिएको र कसैलाई आवश्यक परेमा उपलब्ध गराउन सक्ने प्रधानाध्यापक निरौलाले बताए । सहायक प्रधानाध्यापक बब्रुवान दाहालले सञ्चालन गरेको सो कार्यक्रमको औचित्य तथा स्वागत प्रधानाध्यापक निरौलाले गरेका थिए ।

***चार्जिङ...*** बिहीबार दिउँसो ३:१५ बजेतिर करेन्ट लागेर उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । शवलाई पोस्टमार्टमका लागि कोशी अस्पताल लगिएको छ । उक्त चार्जिङ स्टेशन कमलदेव यादवले सञ्चालन गरेका थिए । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

***विद्यार्थीहरूलाई*** ....उत्कृष्ट योजना पेश गरि छनौट परेका तीन समुहका विधार्थीहरू सो रकमबाट उघमशिल ब्यबसाय संचालन गर्नु पर्ने प्राधानाध्यक अधिकारीले जानकारी दिए । यो कार्यक्रमले भविष्यमा विद्यार्थीहरूलाई उद्यमी बन्नसहयोग पुग्ने विद्यालयका प्रअ अधिकारीले बताए ।

***ठूला........***संस्कार, विचौलियामाथि भरोसा, भ्रष्टाचार एवं अनियमित कार्यप्रति स्थानीय नागरिक, समाज, संघ संस्थाको बेवास्ता जस्ता कारण देश राजनीतिक अस्थिरताको भुमरीतर्फ गयो । साँच्चै विकास चाहने हो भने सार्वजनिक पदको मुख्य जिम्मेवारीमा रहेको राजनीतिक नेतृत्वले राष्ट्रिय हित र जनताको लाभका लागि राजनीति गर्ने संस्कार विकास गर्नु मुख्य राष्ट्रिय चुनौतीको विषय बनेको देखिन्छ ।

## भेरी नदीमा हराएकामध्ये दूईको शव फेला

जाजरकोटा । यहाँस्थित नलगाड नगरपालिका-८ मा भेरी नदीमा पौडी खेल्ने क्रममा बेपत्ता भएका तीन जनामध्ये दुईको शव फेला परेको छ ।

भेरी नदीको मन्मैमा पौडी खेल्ने क्रम्मा १५ वर्षीया भगवती नेपाली र १० वर्षीय महेश कुसारीको शव फेला परेको जाजरकोटका प्रहरी नायब उपरीक्षक बसन्त शर्माले जानकारी दिए । १२ वर्षीया आशा कुसारी अझै बेपत्ता छन् ।

## सप्तकोशी नदीमा बेपत्ता गोताखोर एकको सव फेला

**इटहरी/** सप्तकोशी नदीमा बेपत्ता सशस्त्र प्रहरी बलका दुई गोताखोर मध्ये एक जनाको शव फेला परेको छ । शुक्रबार बिहान खोजीका क्रममा एक जनाको शव फेला परेको हो ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-१ स्थित कोशी नदीमा बिहीबार मनसुनजन्य विपद्को पूर्वतयारी अभ्यास गर्ने क्रममा हरदेव राजवंशी र सुरज साउद बेपत्ता भएका थिए ।

राजवंशी श्रीअन्तु गण ईलाम दरबन्दी भई दन्तकाली विशेष कार्य तालिम शिक्षालय सप्तरीमा र साउद १३ नम्वर गण पर्सा दरबन्दी भई छिन्नमस्ता बाहिनी मुख्यालयमा कार्यरत थिए । उनीहरू मध्ये राजवंशीको शव फेला परेको हो ।

सशस्त्र प्रहरीको ५६ जनाको टोली बिहीबार विपद उद्धार अभ्यासका लागि कोशी नदीमा खटिएको थियो । सो क्रममा दिउँसो ३ बजेर १० मिनेटमा २ जना बेपत्ता भएका थिए । बेपत्ताको खोजी कार्यलाई तीव्रता दिइएको सशस्त्र प्रहरी बलका सहायक प्रवक्ता एवं डिएसपी शैलेन्द्र थापाले जानकारी दिए ।

***देशभरका......***इलेक्टेड हुने भएपनि सेलेक्टेडको जस्तै सीमाभित्र बाँध्न खोज्दा समस्या आउने गरेको बताइन् । सम्मेलनमा देशभरबाट २ सय ९१ जना उपप्रमुख तथा उपाध्यक्षहरूको सहभागिता रहेको छ । विराटनगर महानगरपालिकाका उपप्रमुख शिल्पा निराला कार्कीले जिम्मेवारी निर्वाह गर्दा आएका समस्याहरूको पहिचान गर्ने र समाधानका लागि पहल गर्न सम्मेलन महत्वपूर्ण रहेको बताइन् । उनले सम्मेलनमा आउने निश्कर्षहरूलाई विराटनगर घोषणापत्रको रूपमा जारी गरिने र त्यसको कार्यान्वयनका लागि प्रधानमन्त्री र मुख्यमन्त्रीहरूलाई अपिल गर्ने बताइन् ।


### ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

### नि:शुल्क तालिम

नेपालको सर्वाधिक सीप सिकाउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताप्राप्त भएको चन्द्रसूर्य सीप विकास संस्थामा विभिन्न विषयको नि:शुल्क तालिमको व्यवस्था भएकोले गरीब, विदेश जाने, बेरोजगार, शरणार्थी, SEE, +2 दिने विद्यार्थीहरुले सम्पर्क राख्नुहोला । साथै CTEVT बाट लिइने Level 1 & Level 2 को परीक्षाको सबै विषयको तालिम दिइनेछ ।

तालिमका विषयहरू
- ककमेन
- बारिस्ता
- वेटर
- स्काफोल्डिङ वेल्डर
- स्प्रे पेन्टिङ
- कटिङ
- सेल्समेन
- ब्युटीपार्लर
- कम्प्युटर
- पंखा, मोटर मेकानिक
- मोबाइल मर्मत
- इलेक्ट्रिसियन
- सेक्युरिटी गार्ड
- वेल्डर
- कोरियन भाषा
- प्लक्बर
- ड्राइभिङ
- Motivation/Leadership
- एसी/फ्रिज मेकानिक
- हाउस किपिङ एण्ड केयर गिभर
- उद्घोषण (रेडियो/टिभी स्टेज)

फाराम शुल्क रू. २५०।

फारम भरिसकेपछि अनिवार्य २ विषयमा नि:शुल्क नाम लिकालिने छ । सीप सिकिसकेकाहरुलाई सीप प्रमाणित गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त सर्टिफिकेट प्रदान गरिन्छ ।

सिट सिमित भएकाले तुरुन्त सम्पर्क गर्नुहोला । फारम भर्ने अन्तिम मिति: २०८२।३।३०

चन्द्रसूर्य सीप विकास संस्था
दमक-९,झापा (फोन: ०२३-५८५१२०/९८५२६७५५०२) बिर्तामोड शाखा: ९८०७९१८१२८


प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल,
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२/५८१७०७,
प्रबन्धक: सुवासचन्द्र भट्टराई,
मुद्रण: ज्योति अफसेट प्रेस,
कार्यकारी सम्पादक: खगेन्द्र कार्की
E-mail:purbasandesh@yahoo.com
ले-आउट: सुरेन बस्नेत